# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २१९ | काठमाडौं | मंगलबार, २३ मंसिर २०८२ | Prabhab National Daily | Tuesday, 09 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## हितेन्द्रदेवको पक्षमा सर्वोच्चको परमादेश



■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतले नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई पुनर्बहाली गर्न परमादेश जारी गरेको छ। सोमबार न्यायाधीश नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले शाक्यलाई पूर्ववत रुपमा कार्यकारी निर्देशकमा नै काम गर्न दिन सरकार र सम्बन्धित पक्षको नाममा परमादेश जारी गरेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङले शाक्यलाई असोज ५ गते प्राधिकरणबाट पदमुक्त गरी ऊर्जा आयोगमा ऊर्जा विशेषज्ञ सदस्यमा नियुक्त गरिएको थियो। सरकारले शाक्यको ठाउँमा मनोज सिलवाललाई नियुक्ती दिएको थियो।

'रिट निवेदक हितेन्द्रदेव शाक्यलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट जल तथा ऊर्जा आयोगको ऊर्जा विशेषज्ञ सदस्य पदमा नियुक्ति गर्ने तथा सोबाट रिक्त हुन आउने नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदमा विपक्षी मध्येका मनोज सिलवाललाई नियुक्ति गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०६/०५ को निर्णय पूर्वपठित कानूनी व्यवस्था निजसँग गरिएको कार्यसम्पादन सम्झौता तथा यस अदालतबाट विभिन्न मुद्दामा पटक पटक व्याख्या भई प्रतिपादित न्यायिक सिद्धान्तसमेतको प्रतिकूल देखिँदा मिति २०८२/०६/०५ को निर्णय तथा सो निर्णयका आधारमा गरिएको कामकारबाही र पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर भई यी रिट निवेदकलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पदमा पूर्ववत् काम कारबाही गर्न दिनु, दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ,' अदालतको आदेशमा भनिएको छ।

घिसिङले हितेन्द्रदेवलाई पूर्वाग्रही ढंगले हटाएको देखिएको सर्वोच्चको संक्षिप्त आदेशमा भनिएको छ। 'शाक्यलाई पदबाट हटाउनु पर्दा नेपाल विद्युत् प्राधिकरण, कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाको शर्त तथा सुविधासम्बन्धी विनियावली, २०६१ वा निजसँग गरिएको कार्यसम्पादन सम्झौतामा उल्लिखित प्रकृया र आधारमा हटाउन सकिनेमा सो बमोजिमको कुनै पनि प्रकृया अबलम्बन नगरी उक्त पदबाट हटाएको देखिँदा निजलाई सो पदबाट हटाउने विपक्षी विभागीय मन्त्रीको प्रस्ताव नै पूर्वाग्रही र प्रतिशोधपूर्ण देखिन आयो। त्यस्तो प्रस्तावमा आधारित भई गरेको निर्णय तथा कामकारबाहीलाई स्वच्छ, न्यायसंगत र उचित कारणमा आधारित निर्णय भनी मान्न मिलेन। मिसिलको मुहारबाटै स्वेच्छाचारी देखिएका यस्ता निर्णय तथा कामकारबाहीहरू कानून र न्यायको रोहमा कायम रहन सक्ने देखिएन,' परमादेशमा भनिएको छ।

कार्यकालको आधा समय पनि नपुग्दै हटाइएको भन्दै शाक्यले मन्त्री घिसिङको निर्णयलाई 'गैरकानुनी र अधिकार दुरुपयोग' भन्दै कातिक १८ गते सर्वोच्चमा रिट दायर गरेका थिए। २०७७ माघ २६ मा पनि उनी कार्यकारी निर्देशकमा नियुक्त भएका थिए।

क्रमशः पृष्ठ २ मा

### ओली नेतृत्वमा शिरदेखि तीरसम्म गुट

## ईश्वरले सम्झाए ओलीलाई आफ्नै निष्कर्ष

■ जेबी योञ्जन

**काठमाडौं–** अध्यक्ष केपी शर्मा ओली अलोकतान्त्रिक, प्रतिशोधी, गुटपरस्त र नेतृत्व हस्तान्तरणमा कठोर भएको आरोप लगाउँदै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टी रूपान्तरणको प्रस्ताव अघि सारेका छन्। सातौं र आठौं महाधिवेशनमा लोकतान्त्रिक मान्यता पार्टीमा जीवित राख्न गठित कार्यदलको निष्कर्ष र सुझावको अक्षरशः कार्यान्वयनलाई पनि पोखरेलले एजेन्डा बनाएका छन्। कार्यदल संयोजक ओली नै थिए।

ओली कार्यदलले पार्टीलाई लोकतान्त्रिक चरित्रको बनाउन नेतृत्वमा दुई कार्यकाल र उमेर हदको प्रावधान अनिवार्य लागू गर्न सुझाएको थियो। तर गत विधान महाधिवेशनले ओलीको इच्छाअनुसार अध्यक्ष र उमेरमा लगाइएको हद हटायो, जसले अध्यक्षमा तेहरिन ओलीलाई बाटो खुला गऱ्यो।

यही मंसिरको २७, २८ र २९ गतेसम्म हुने ११ औं महाधिवेशनमा ओली अध्यक्षको उम्मेदवार बन्दैछन्। उनलाई पोखरेलले अध्यक्षमा चुनौती दिँदै छन्। उनै पोखरेलले महाधिवेशनअघि आफ्नै नेतृत्वमा गठित कार्यदलको निष्कर्ष र सुझावअनुसार अध्यक्षको दौडबाट अलग हुन ओलीमाथि दबाव दिँदै भने, 'आफैंले स्थापित गरेका सिद्धान्त, नीति, विधि र विधानको पालना र कार्यान्वयन पक्षमा समस्या देखिएको छ।'


ओलीले यसअघि नै अध्यक्षमा आफ्नो विकल्प नभएको बताइसकेका छन्। आफूलाई कसैले चुनौती दिन नसक्ने उनको दाबी छ। पोखरेललाई त 'विद्या भण्डारीको उम्मेदवारले कति भोट ल्याउँदारहेछन्? हेरौँला' भन्दै हियाएका छन्।

ओलीले देशको विभिन्न जिल्लाबाट महाधिवेशन प्रतिनिधि छनोट गर्दा पनि पोखरेलपक्षलाई किनाराकृत गरेको आरोप छ। यसलाई पोखरेलले नेतृत्वमा अस्वस्थ प्रतिस्पर्धा भनेका छन् र अध्यक्षमा कार्यकालको सीमाको मुद्दा उठाएका छन्। 'नेतृत्वको अस्वस्थ प्रतिस्पर्धालाई रोक्न, सहज ढङ्गले नेतृत्व हस्तान्तरणको व्यवस्था मिलाउन र वैकल्पिक नेतृत्व स्थापित गर्न पार्टीको प्रमुख पदमा लगातार दुई कार्यकालको समयसीमा तोकिनुपर्छ,' अवधारणापत्रमा उल्लेख छ। पार्टीमा गुट पूरै झाँगिएको र त्यसले गम्भीर संकट निम्त्याएको पोखरेलको ठहर छ।

क्रमशः पृष्ठ २ मा

### ओलीविरुद्ध ईश्वरको १३ आरोप

- पार्टी गैरसरकारी संस्थाजस्तै चलाए
- पार्टीको शिरदेखि तीरसम्मै गुटगत गतिविधि चलाए
- अलोकतान्त्रिक प्रवृत्ति देखाए
- प्रतिशोधी देखिए
- नेतृत्वको स्वस्थ प्रतिस्पर्धामा बाधा गरे
- आफू नेतृत्वको कार्यदलको निष्कर्ष र सुझाव लत्याए
- सिद्धान्त, नीति र विधिलाई तिलाञ्जली दिए
- वाञ्छित अवाञ्छित, वैध/अवैध क्रियाकलाप गराए
- सक्षम र असल कार्यकर्तालाई अन्यायमा पारे
- आलोचना अभ्यासलाई बन्देज
- प्रश्न गर्नेप्रति ओली असहिष्णु
- सीमित नेताबाट पार्टी निर्णय गराए
- पार्टी कमिटी बैठक नियमित बोलाएनन्



### राजनीतिक कोर्स करेक्सन चुनावबाटै

एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले राजनीतिक निकास निर्वाचनबाटै खोज्नुपर्ने बताएका छन्। प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठनको न्यायिक परीक्षण माग गर्दै एमाले नै सर्वोच्च पुगेको बेला पोखरेलको यस्तो धारणा सार्वजनिक भएको हो। तर, निर्वाचनको वातावरण भने नबनेको बताए।

उनका अनुसार ओलीलाई उपत्यकाबाहिर जान नदिने निर्णयले निर्वाचनमा जाने वातावरण नबनेको हो। एमालेका गतिविधिलाई सडकबाट नियन्त्रण गर्ने प्रयास जेन-जीबाट हुनाले पनि निर्वाचनको वातावरण नबनेको पोखरेलको भनाइ छ। त्यसो हुनाले एमालेलाई निर्वाचन प्रचार गर्न सुरक्षा कायम गर्न र ओलीलाई लगाएको स्थानहद हटाउनुपर्ने बताए।

तर, सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गरे त्यसलाई स्वीकार्नुपर्नेमा जोड दिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### दश बुँदे मापदण्डबारे नेपालको कूटनीतिक नोट

## महिना दिन बित्दा पनि मलेसियाले पठाएन जवाफ

■ ममता थापा

**काठमाडौं–** मलेसियाको दश बुँदे मापदण्ड कार्यान्वयनको विषयमा नेपालले कूटनीति नोट पठाएको एक महिना पुरा भयो। तर मलेसियाले यसबारे नेपाल सरकारलाई अझै प्रतिक्रिया पठाएको छैन।

गत नोभेम्बर ७मा परराष्ट्र मन्त्रालयले हालको अवस्थामा उक्त विषय कार्यान्वयन हुन नसक्ने भन्दै नेपालको राय राखेको थियो। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले हालसम्म मलेसियाबाट केही प्रतिक्रिया नआएको बताए। 'तत्काल यी विषयहरु कार्यान्वयन गर्न सक्दैनौं तर तपाईंहरुसँग छलफल गरेर यो विषयहरु टुङ्ग्याउन तयार छौं भनेर पत्र लेखेका हौं। हालसम्म उताबाट केही प्रतिक्रिया आएको छैन,' पौडेलले भने।

मलेसियाको परराष्ट्र मन्त्रालयले गत अक्टोबर २७ तारिखमा नेपाली दूतावासलाई पत्र लेख्दै दश बुँदे मापदण्ड पुगेका व्यवसायीलाई नोभेम्बर १५ भित्र कागजात पेश गर्न भनेको थियो। व्यवसायीको चर्को विरोधपछि भनेको थियो। नेपालले पनि केही दिनमै आफ्नो राय पठाएको थियो।

मलेसिया रोजगारीमा एकाधिकार लगाउन खोज्ने पक्षले त्यहाँको परराष्ट्र मन्त्रालयका केही कर्मचारीलाई प्रलोभनमा पारेर पत्र पठाएको तर श्रम आप्रवासनसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालयलाई कुनै जानकारी नदिएकाले ढिला भएको हुनसक्ने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले बताए। यो विषयलाई श्रम सम्झौतामा प्रवेश गराउन प्रयत्न पनि भइरहेको हुनसक्ने खत्रीको आशंका छ।

'चिठीको भाषामा पर्याप्त छलफल गर्नुपर्ने भन्ने उल्लेख भएको पाइन्छ। पर्याप्त छलफल भनेको श्रमसँग सम्बन्धित विषयको छलफल हो र त्यो श्रम सम्झौतासँग सम्बन्धित हुन्छ,' खत्रीले भने, 'यसकारण एकाधिकारको विषयलाई श्रम सम्झौतामा प्रवेश गराउन प्रयत्न त भएको छैन भनेर आशंका उत्पन्न भएको छ। किनभने योभन्दा अगाडि पनि श्रम सम्झौता प्रवेश गराउन तीन वटा मोडलको प्रस्ताव गरिएको थियो।'

क्रमशः पृष्ठ २ मा



- मलेसियाको परराष्ट्र मन्त्रालयले गत अक्टोबर २७ तारिखमा नेपाली दूतावासलाई पत्र लेख्दै दश बुँदे मापदण्ड पुगेका व्यवसायीलाई नोभेम्बर १५ भित्र कागजात पेश गर्न भनेको थियो
- नेपाल नोभेम्बर ७मा अवस्थामा उक्त विषय कार्यान्वयन हुन नसक्ने भन्दै आफ्नो राय पठाएको थियो
- मलेसियाबाट मागहरू आइरहेको र इजाजतप्राप्त संस्थाले पनि काम गरिरहेको अवस्थामा प्रतिक्रिया आउन ढिलाइ हुन नहुने श्रमविद् रामेश्वर नेपाल बताउँछन्

परराष्ट्र मन्त्रलायले नोभेम्बर ७मा मलेसियालाई कूटनीतिक नोट पठायो।

मलेसियाले निकै ताकेता गरेर मापदण्ड पुगेका व्यवसायीलाई कागजात पठाउन

### वैदेशिक रोजगारीमा बेथिति

## म्यानपावर व्यवसायीमात्र मोटाउने काम नगर्न प्रधानमन्त्री कार्कीको निर्देशन

- प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगारीमा जानुअघि सम्बन्धित मुलुकको भाषा र कामको अभिमुखीकरण तथा तालिम लिएरमात्र जाने व्यवस्था कडाका साथ लागू गर्नसमेत सरकारी अधिकारीहरूको ध्यानाकर्षण गराएकी छन्



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगार व्यवसायका बेथिति नियन्त्रण गर्न मातहतका निकायलाई निर्देशन दिएकी छिन्। विदेशमा गएर दुःख पाउने, ठगिने र सरकारले उद्धार गर्नुपर्ने अवस्था आउन नदिने गरी प्रणाली स्थापित गर्न कार्कीले श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानुन मन्त्रालय र वैदेशिक रोजगार विभागका अधिकारीहरुलाई निर्देशन दिएकी हुन्।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा श्रम समस्याका विषयमा छलफलका क्रममा प्रधानमन्त्री कार्कीले कुवेतमा अलपत्र परेका महिला कामदारको छिटो उद्धार गर्न पनि ताकेता गरेको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ। सरकारले नीति नियम बनाउँदा वैदेशिक रोजगार व्यवसायी र दलालको मात्र लाभ नहेरी श्रमका लागि विदेश जाने आफ्ना नागरिकको सुरक्षालाई पहिलो प्राथमिकता राख्नुपर्ने प्रधानमन्त्री कार्कीको भनाइ थियो।

'म्यानपावर व्यवसायी मोटाउने काम मात्र नगरौं। म्यानपावरलाई सचेत गराउनुपऱ्यो। अलपत्र पार्न भएन', कार्कीले भनिन्। कार्कीले वैदेशिक रोजगारीमा जानुअघि सम्बन्धित मुलुकको भाषा र कामको अभिमुखीकरण तथा तालिम लिएरमात्र जाने व्यवस्था कडाका साथ लागू गर्नसमेत सरकारी अधिकारीहरुको ध्यानाकर्षण गराएकी थिइन्।

'वैदेशिक रोजगारीमा जानेले पनि पढ्नुपऱ्यो। तालिम लिनुपऱ्यो। राज्यले कर लिन्छ भने सुरक्षित आप्रवासनको पनि सुनिश्चितता गर्नुपऱ्यो। सबै कुरा दलाललाई छाडिदिएर हुँदैन', कार्कीले भनिन्, 'दलालले आफ्नो फाइदाका लागि उक्साउँछन्। गाउँदेखि सोझा मान्छेलाई लिएर आउँछन्।'

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## ईश्वरले...

उनका अनुसार दसौं महाधिवेशनबाट ओली अध्यक्षमा निर्वाचित भएपछि पार्टीको शिरदेखि तिरसम्मै गुटगत गतिविधि तीव्र भयो। गुटको आवरणमा वाञ्छित अवाञ्छित, वैद्य/अवैद्य क्रियाकलाप हुन थाले। प्रतिस्पर्धा स्वस्थ होइन, अस्वस्थ हुन थाले। पार्टी सदस्य बनाउन अरुले शुल्क तिरिदिने गलत अभ्यास भयो। गुटमा सक्रिय नहुने सक्षम र असल कार्यकर्ताहरूमाथि अन्याय हुने स्थिति आयो।

पोखरेल पार्टीमा आलोचनाको अभ्यास नै हुन छाडेको बताउँछन्। भन्छन्, 'नवौं महाधिवेशनपछि जबजले निर्देशित गरेका असल अभ्यासहरू पनि कमजोर भएर गए। छलफल, बहस, आलोचना, आत्मालोचनाको अभ्यासले प्राथमिकता पाउन छोड्यो।'

पार्टीमा भिन्न मत सके प्रकट हुन नदिने, भइहाले भने असहिष्णुताको व्यवहार गर्ने प्रवृत्ति देखिएको भन्दै ओलीको कडा आलोचना गरेका छन्। ओली फरक मत राख्नेप्रति प्रतिशोधी भएको पनि पोखरेलको टिप्पणी छ। हुन पनि ओलीले पार्टी केन्द्रीय कार्यालय निर्माणका लागि व्यवसायी मीनबहादुर गुरुङबाट जग्गा लिने र उनैले बनाउने कार्यालय स्वीकार्ने निर्णयमा फरक मत राख्ने भीम रावललाई पार्टीबाट निष्कासन गरिदिए। फरक मत राख्ने स्थायी कमिटी सदस्य डा. विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनालाई पनि निलम्बन गरे। हालै पार्टीको महाधिवेशन प्रतिनिधि छनोटमा पोखरेल पक्षमा लागेका ताप्लेजुङ पार्टी नेता बलबहादुर साम्सोहाङलाई निलम्बन गरे।

एकपछिको अर्को नेतामाथि ओलीले चलाएको डन्डालाई पोखरेलले प्रतिशोध भनेका हुन्। यसबाहेक पार्टीमा अलोकतान्त्रिक अभ्यास मौलाएको भन्दै चिन्ता प्रकट गरिएको छ। 'सीमित नेताहरू बसेर निर्णय गर्ने र त्यही निर्णयलाई औपचारिकता दिनका लागि कमिटीका बैठकबाट पारित गराउने गैरलोकतान्त्रिक अभ्यासले निर्णयको प्रभावकारी कार्यान्वयन र जिम्मेवारी बहन नहुने समस्या पार्टीमा देखियो,' अवधारणापत्रमा भनिएको छ।

केन्द्रीय कमिटी, स्थायी कमिटी, पोलिटब्युरो बैठकहरू समयमा नबोलाउने, बैठक भए पनि पर्याप्त छलफल नहुने, हरेक निर्णय सचिवालयबाट गर्ने र तुरुन्तै कार्यान्वयन गरिहाल्ने, विषयको सान्दर्भिकता सकिइसकेपछि केन्द्रीय कमिटीबाट अनुमोदन गराउने परम्परा नै बसेको भन्दै पोखरेलले चिन्ता प्रकट गरे।

ओलीले पार्टीलाई गैरसरकारी संस्थाजस्तै बनाउन लागेको भन्दै आलोचना गरेका छन्। 'भयरहित वातावरणमा आफूलाई लागेका कुरा प्रष्टसँग राख्ने अवस्था बन्न सकेन। कमिटीहरूमा राजनीतिक वैचारिक बहसको वातावरण कमजोर भएको छ,' उनी भन्छन्, 'सिंगो पार्टी राजनीतिक वैचारिक रूपमा होइन, प्राविधिक रूपमा, गैरसरकारी संस्थाको ढाँचाबाट चल्नेगरी रूपान्तरित हुने जोखिम बढेको छ।'

उनका अनुसार हालै मधेश प्रदेश सरकार गठनका सन्दर्भमा भएका गतिविधिले पार्टीको नैतिक मूल्य माथि नै गम्भिर प्रश्न खडा गरिदिएको छ। आन्तरिक प्रतिस्पर्धालाई निषेध र प्रतिशोधबाट मुक्त गर्न माग गरेका छन्। प्रतिस्पर्धाको परिणामलाई सबैले स्वीकार गर्ने र उच्चतम लोकतान्त्रिक संस्कार विकास गर्दै कमरेडली भावना स्थापित गर्नुपर्ने औंल्याएका छन्।

■■■

## राजनीतिक...

त्यस्तो अवस्थामा जेन-जी समेतको सहभागितामा सर्वदलीय सरकार गठन गर्नुपर्ने र सुशासन कायम गर्न, भ्रष्टाचार अन्त्य गर्न कानुनी र संरचनागत सुधार गर्नुपर्ने अवधारणा पत्रमा समेटिएको छ।

### विद्या पार्टीमा फर्किनु खुसी र गौरवको विषय

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी काममा फर्किन दिनुपर्ने पोखरेलले बताए। अध्यक्ष ओलीले सदस्यता नवीकरण नगरेर भण्डारीलाई पार्टीमा रोकेको बेला पोखरेलले भने, 'आफ्नो अनुभव र ऊर्जा पार्टी काममा फर्किएर खर्चिने चाहना राख्नु खुशी र गौरवको विषय हो।'

उनलाई पार्टी सदस्य हुनबाट बञ्चित गरिँदा पार्टीलाई वैचारिक रूपले थप सशक्त, सांगठनिक ढङ्गले अझ एकताबद्ध र सुदृढ बनाउने कुरामा असर पर्ने दावी गरिएको छ। त्यसो हुनाले भण्डारीलाई पार्टी काममा फर्कने वातावरण निर्माण गर्नुपर्ने अवधारणापत्रमा भनिएको छ।

■■■

## हितेन्द्रदेवको...

२०७८ साउन २५ मा तत्कालीन देउवा सरकारले कुलमान घिसिङलाई ल्याउन उनलाई हटाएको थियो। हितेन्द्र त्यतिबेला पनि सर्वोच्च गएका थिए। तर, फैसला नहुँदै उनको कार्यकाल सकिएको थियो।

योसँगै शाक्यले २०७९ भदौ र २०८१ चैतमा दिएको रिट निवेदन खारेज भएको छ। त्यस्तै, गत चैतमै नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङले बर्खास्ती विरुद्ध दिएको रिट निवेदन समेत खारेज गरिदिएको छ।

■■■

## महिना...

यो मापदण्डलाई खुकुलो बनाएर पठाए या कुनै न कुनै ढङ्गले बंगलादेशमा लागू गराए नेपालमा पनि सजिलो हुन्छ भन्ने अर्कै खालको गृहकार्य भइरहेको हुनसक्ने उनको भनाइ छ।

हाल मलेसियामा सुरक्षा गार्ड, प्लान्टेसन, कृषि, गार्मेन्टलगायतका क्षेत्रबाट श्रमिकको माग आइरहेको छ। यद्यपि यी क्षेत्रहरुमा थोरैमात्र श्रमिक गइरहेका छन्। चालु आर्थिक वर्ष २०८२/८३को चार महिनामा १२ हजार ६५ जना संस्थागत माध्यमबाट मलेसिया गएको तथ्याङ्क छ। गत हप्ताबाट उत्पादन क्षेत्रको एप्रुभ सुरु भएको व्यवसायीले बताएका छन्। उत्पादनतर्फ सबै स्रोत मुलुकबाट ५० हजार कामदार लैजाने भन्ने बुझिएको छ। अबको एक महिनापछि मलेसिया जाने श्रमिकको संख्या उल्लेख्य रुपमा वृद्धि हुने आँकलन गरिएको छ।

मलेसियाबाट मागहरु आइरहेको र इजाजतप्राप्त संस्थाले पनि काम गरिरहेको अवस्थामा प्रतिक्रिया आउन ढिलाइ हुन नहुने श्रमविद् रामेश्वर नेपाल बताउँछन्। नेपालकाअनुसार महिना दिनसम्म कुनै प्रतिक्रिया नदेखाउनु भनेको नेपाललाई काम प्राथमिकतामा राखिएको हो।

'नेपालले पत्र पठाएपछि उताबाट पनि प्रतिक्रिया आउनपर्थ्यो। किनभने मलेसियाबाट मागहरु आइरहेको र इजाजतप्राप्त संस्थाले कामदार पठाइरहेका छन्। त्यसकारण यो सबैको लागि प्राथमिकताको विषय हो। मलेसिया महिना दिनसम्म मौन बस्नु भनेको कम प्राथमिकतामा राखेको हो कि,' नेपालले भने।

एक महिनाको समयावधि धेरै ढिला नभएपनि नेपाल सरकारले केही दिनमै रेस्पोन्स गरेको अवस्थामा मलेसिया भने चुपचाप बस्दा झनै अन्यौल र शंका गर्ने ठाउँहरु देखिएको उनको भनाइ छ। 'यसले मलेसिया जान खोज्ने श्रमिकहरुमाथि अझ शोषणपूर्ण अभ्यासलाई बढावा दिनसक्छ। नेपालीले उनीहरुको देशको श्रमिक अभावको अवस्थालाई परिपूर्ति गरिरहेका छन्,' उनले भने, 'यो अवस्थामा श्रमिक भित्र्याउने आफ्नै योजनालाई कार्यान्वयन गर्ने कुरामा विलम्ब नगरिदिए हुन्थ्यो। छिट्टै टुङ्गो लागे बढ्दो जोखिमको अवस्था पनि कम हुँदो हो।'

■■■

## म्यानपावर...

उनले थपिन्, 'यता ठूलाबडाका म्यानपावर कम्पनी छन्। सबै मिलेर जनताको सोझोपनको फाइदा उठाएका छन्। यो अवस्था अन्त्य गर्न राज्यले नै काम गर्नुपर्छ।'

कानुनमन्त्री अनिलकुमार सिन्हा, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, मुख्यसचिव सुमनराज अर्याल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवद्वय राजकुमार श्रेष्ठ र गोविन्दबहादुर कार्की, श्रम मन्त्रालयका सचिव कृष्णहरि पुष्कर, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, कानुन मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानालगायत सरकारी अधिकारीहरुको उपस्थितिमा कार्कीले समस्याहरुहको समाधान गर्न निर्देशन दिएकी हुन्।

# कोरला सडकमा १३ पुल निर्माण, तीनवटा बन्दै

**मुस्ताङ (प्रस)**– उत्तरदक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक आयोजनाअन्तर्गत हालसम्ममा १३ पुल निर्माण सम्पन्न भएका छन्। तीनवटा पुल निर्माणको अन्तिम चरणमा छन्।

भारत र चीन जोड्ने व्यापारिक मार्गअन्तर्गत २०७३/७४ सालदेखि सुरु भएको बेनी-जोमसोम-कोरला सडक आयोजनाले गत वर्षसम्म १३ पुल सम्पन्न भई आयोजना कार्यालयलाई हस्तान्तरण भइसकेको जनाएको छ। आयोजनाअन्तर्गत ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका तीन पुलको ठेक्का सम्झौता तोडिसकेको आयोजनाका इञ्जिनियर विष्णु चापागाईंले जानकारी दिए।

उनका अनुसार आयोजनाले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्सेखोला, थासाङ गाउँपालिका-४ स्थित खहरेखोला र वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीमा निर्माणाधीन पुलको ठेक्का सम्झौता तोडिएको उल्लेख गरे।


**बिमालेख हराएको सूचना**

मिति २०८२/०७/०१ गते जाउलाखेल देखि एकान्तकुना जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**विमितको नाम : महेश कुमार सिंह**
**ठेगाना : ल.पु.-१३, एकान्तकुना**
**बिमालेख नं.: ११००४९५४६**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०५४०४५**

**बिमालेख हराएको सूचना**

मिति २०८२/०७/०१ गते जाउलाखेल देखि एकान्तकुना जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**विमितको नाम : विजया खड्का**
**ठेगाना : ल.पु.-१३, एकान्तकुना**
**बिमालेख नं.: ११००६२९७७**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०५४०४५**

**माइग्रेसन हराएको सूचना**

मितिः २०८२/०८/१६ गते ललितपुर जिल्ला, ल.म.न.पा वडा नं.१३ जावलाखेलबाट ऐ .१० पाटनढोकासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : मेनुका कुमारी**
**रजिस्ट्रेसन.नं.: ७९३३५०९१००६१**
**माइग्रेसन सि.नं.: ७९८५६७**
**ठेगानाः ललितपुर**
**सम्पर्कः ९८६२६१२९८४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०८/११ मा दर्ता भएको **प्रा.लि. नं. ३२३८१५** को **डिजिटल उन्नती प्रा. लि.** को मिति २०८२/०८/२२ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०७/३० मा दर्ता भएको श्री **एस. पि. यु कन्स्ट्रक्सन सर्भिस प्रा. लि. (प्रा. लि. नं. १७८४१२)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**मलेसियामा रोजगार** कम्पनी : **FOCUS FORCE SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२२ LT. No. 324271 चलानी नं. ६०२३८२०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1700 | ५९,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 771/065/066
**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०८/२३ गते**

यस कम्पनीको मिति २०८२/०८/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **राघव तथा आरम्भ कृषि फार्म**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चितवन आधुनिक फेशन (प्रा.लि.नं. २९२५२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/२३**

यस सा.व.उ.स. वाट संकलन भएको साल गोलिया काठ ९५९.७६ क्यू फिट र साल दाउरा ३ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**झाँक्रीथुम्का सा. वन उपभोक्ता समूह, भानु ६, तनहूँ।**

**अटल वचत तथा ऋण सहकारी संस्था लि.**
**गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं**
**१६औं वार्षिक साधारण सभाको सूचना !**

*(प्रकाशित मिति : २०८२/०८/२३ गते, मंगलबार)*

यस संस्थाको सञ्चालक समितिको मिति २०८२/०८/१८ मा बसेको बैठकको निर्णय वमोजिम संस्थाको **१६औं वार्षिक साधारण सभा** निम्न तपसिल वमोजिमको मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरूलाई गरिमामय उपस्थितिका लागि यसै सूचना मार्फत् जानकारी तथा अनुरोधका साथ हार्दिक आमन्त्रण सहित यो **सूचना** प्रकाशित गर्दछौं।

**तपसिल**
**मिति** : २०८२ साल पुस २६ गते, शनिबार
**स्थान** : संस्थाको कार्यालय गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं
**समय** : बिहानको १०:०० बजे।

**सचिव**
सञ्चालक समिति

**हाइड्रो इम्पाएर प्रा.लि., विशालनगर, काठमाण्डौंको वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८२/०८/२३)

यस कम्पनीको संचालक समितिको मिति २०८२/०८/१० गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, स्थान र समयः**
मितिः २०८२ साल पौष ०३ गते, बिहिबार।
स्थानः द एभरेष्ट होटल, नयाँ बानेश्वर।
समयः बिहानको ११:०० बजे

**छलफलका विषयहरुः**
**क) सामान्य प्रस्तावः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. यस प्रा.लि.द्वारा प्रवर्द्धित माथिल्लो म्याग्दी जलविद्युत आयोजनाको हालसम्म भएको प्रगति विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
५. यस प्रा.लि. द्वारा प्रवर्द्धित माथिल्लो म्याग्दी जलविद्युत आयोजनाको निर्माणका क्रममा हालसम्म सम्पन्न भएका सम्पुर्ण ठेक्का/सम्झौताहरु अनुमोदन गर्ने सम्बन्धमा।
६. कम्पनीको सञ्चालक समितिमा निहित अधिकारलाई अनुमोदन गर्दै आयोजना निर्माणका क्रममा हालसम्म भएको सम्पूर्ण खर्च विवरण पारित गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्तावः**
१. यस प्रा.लि. लाई कम्पनी ऐन, २०६३ को दफा १३ अनुसार पब्लिक लिमिटेड कम्पनीमा परिणत गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. पब्लिक लिमिटेड कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी निर्धारण गरी प्रबन्धपत्र एवं नियमावली मस्यौदा गरी सोलाई स्विकृत गरी पब्लिक लिमिटेड कम्पनीमा परिणत गर्ने सम्बन्धी सम्पुर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

ग) विविध।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**

## हाजिर हुन आउने बारेको सूचना

देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारीहरु सशस्त्र प्रहरी बल, नेपालका विभिन्न ईकाईबाट बिदा तथा आफुखुसी लाईन ब्यारेक छाडी भागि गैह्र हाजिर रहि कुनै किसिमको सम्पर्कमा समेत नरहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैह्र हाजिर रहनुको मनासिव कारण सहित सम्बन्धित कार्यालयमा सम्पर्क राख्न आउनु होला। अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ (संशोधन सहित) बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ।

**देहायः-**

| सि.नं. | आई.डि.नं. | दर्जा | नामथर | बाजेको नाम | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैह्र हाजिर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५३८९८ | सप्रसह | लाल सिं आले | दल बहादुर आले मगर | कर्ण ब. आले मगर | स.प्र.बल, नेपाल नं. ७ गण हे.क्वा. सिराहा | स.प्र.बल, नेपाल नं. ४ गण हे.क्वा. सुनसरी | जिल्ला उदयपुर साविक पञ्चावती गा.वि.स. वडा नं. ९ हाल उदयपुर गा.पा. वडा नं. ५ पञ्चावती | २०८२/०५/१२ |
| २ | ३८५१ | प्रासप्रनानि | समिक्षा गिरी | रामचन्द्र गिरी | केशव गिरी | नेपाल ए.पि.एफ. अस्पताल बलम्बु | नेपाल ए.पि.एफ.अस्पताल बलम्बु | जिल्ला काभ्रेपलाञ्चोक तबनेपा २ | २०८२/०५/३१ |
| ३ | ६७९३५ | सप्रज | गोविन्द वली | हर्क बहादुर वली | भिम बहादुर वली | स.प्र.बल, नेपाल नं. २४ गण हे.क्वा. कास्की | स.प्र.बल, नेपाल हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय | जिल्ला सुर्खेत भेरी गंगा न.पा. ३ | २०८२/०५/२० |
| ४ | २९५५४ | सप्रप | अर्जुन पाँचकोटी | उजिरमान दर्जी | टेक बहादुर दर्जी | स.प्र.बल, नेपाल नं. २ गुल्म हे.क्वा. हिमशिखर पाँचथर | स.प्र.बल, नेपाल नं. २ गुल्म हे.क्वा. पाँचथर | जिल्ला ताप्लेजुङ्ग हाङदेवा ९ | २०८२/०६/०१ |
| ५ | ५५११८ | सप्रसह | बावुराम पाण्डे | लोक बहादुर पाण्डे | प्रेम बहादुर पाण्डे | स.प्र.बल, नेपाल नं. ४ गण हे.क्वा. सुनसरी | स.प्र.बल, नेपाल सुरक्षा वेश धरान | जिल्ला उदयपुर तावाश्री ८ | २०८२/०४/२५ |
| ६ | ६२२५८ | सप्रज | बिशाल तमाङ | धनवीर तमाङ | श्याम तमाङ | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला दोलखा भिमेश्वर न.पा. ०८ | २०८२/०५/११ |
| ७ | ६६१६२ | सप्रज | ईन्द्र बहादुर कठायत | ऐवन कठायत | शेर बहादुर कठायत | स.प्र.बल, नेपाल नं. ३२ गण हे.क्वा. रक्तकाली सुर्खेत | स.प्र.बल, नेपाल नं. ३२ गण हे.क्वा. रक्तकाली सुर्खेत | जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ०२ | २०८२/०५/१२ |
| ८ | ६२११९ | सप्रज | योगेन्द्र देवकोटा | गम्भीर सिंह खत्री | धन बहादुर खत्री | स.प्र.बल, नेपाल नं. ३४ गण हे. क्वा. कैलाली | स.प्र.बल, नेपाल नं. ३४ गण हे. क्वा. कैलाली | जिल्ला कैलाली (साविक खैराला गा.वि.स. वडा नं. ५) हाल चुरे गाँउपालिका वडा नं. ४ | २०८२/०६/०२ |
| ९ | ६२५४८ | सप्रज | सन्तोष कुमार रेगामी | कासिराम रेगामी | हर्क बहादुर रेगामी | स.प्र.बल, नेपाल नं. ४५ गुल्म हे.क्वा. मुगु | स.प्र.बल, नेपाल नं. ४५ गुल्म हे.क्वा. मुगु | जिल्ला दैलेख नौमुले गा.वि.स. वडा नं. ५ | २०८२/०६/१२ |
| १० | ६७४५६ | सप्रज | रचना योगी | गंगा नाथ योगी | बिक्रम नाथ योगी | स.प्र.बल, नेपाल नं. २९ गण हे.क्वा. ज्वालामाई दाङ | स.प्र.बल, नेपाल नं. २९ गण हे.क्वा. ज्वालामाई दाङ | जिल्ला बाँके बैजनाथ गा.पा. वडा नं. ६ | २०८२/०७/२० |

# ‘दलित महिला र बालिकामाथि हुने हिंसाको अवस्था चिन्ताजनक’

**काठमाडौं (प्रस)–** नेपालमा महिला र बालिका घरभित्र र घरबाहिर दुवै स्थानमा सुरक्षित नरहेको एक अध्ययनले देखाएको छ । यहाँ सोमबार सार्वजनिक गरिएको ‘नेपालमा जातीय तथा लैंगिक आधारमा महिला र बालिकामाथि हुने हिंसा’ सम्बन्धी अध्ययन प्रतिवेदनले घरेलु हिंसा, बलात्कार, बलात्कार प्रयास र हत्याजस्ता जघन्य अपराध बढ्दै गएकाले सुरक्षाको अवस्था चिन्ताजनक रहेको देखाएको हो ।

प्रतिवेदनमा दलित महिला तथा बालिकाले जातीय, लैंगिक, आर्थिक, सामाजिक-सांस्कृतिक गरी बहुपक्षीय उत्पीडन सहनुपरेको उल्लेख छ । दलित महिला संघ (फेडो) ले गरेको अध्ययनमा सरकारी निकायतर्फ आर्थिक वर्ष २०८१/८२ र गैरसरकारी संस्थातर्फ सन् २०२४ को सेप्टेम्बरदेखि सन् २०२५ को अक्टोबरसम्मका दस्तावेज, अध्ययन तथा उजुरी विवरण विश्लेषण गरिएका छन् । अध्ययनले महिला, विशेषगरी दलित महिला तथा बालिकाले हिंसा भोग्दा न्याय खोज्ने क्रममा पनि थप हिंसाको जोखिम बेहोर्नु परिरहेकाले संरचनागत असुरक्षा र दण्डहीनता अझ प्रस्ट देखाएको छ ।

सरकारी निकायका दस्तावेजमध्ये प्रहरीको विवरणमा महिलामध्ये दलित महिलाको हिस्सा कूल हिंसाका घटनाको ११.९३ प्रतिशत, बालिकाको १८.८० प्रतिशत, मानवअधिकार आयोगका अभिलेखमा दलिततर्फ महिला १४.०२ महिला र बालिका २६.९२ ले हिंसा भोगेको जनाइएको छ । यस्तै, राष्ट्रिय महिला आयोगमा ११.३४ प्रतिशत घटना दलित महिलासँग सम्बन्धित रहेको र राष्ट्रिय दलित आयोगका ६४ वटा उजुरीमा महिला र बालिका कुनै न कुनै रूपमा जोडिएको उल्लेख छ ।

अध्ययनका क्रममा राष्ट्रिय बालअधिकार परिषद्को अभिलेखमा सात हजार ५८४ घटनामध्ये जातीय आधारमा सबैभन्दा बढी ३०.४८ प्रतिशत दलित बालबालिका प्रभावित भएको देखिएको अनुसन्धानकर्ता टीकाराम सुनारले जानकारी दिए । उनका अनुसार गैरसरकारी संस्थाका अभिलेखमा फेडोमा ४३९ घटना, इन्सेकका कूल पाँच हजार ८८६ उजुरी विवरणमा १७.६७ प्रतिशत, महिला पुनर्स्थापना केन्द्र (ओरेक) को अभिलेखमा २३.११, नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन) नेपालको अभिलेखमा हिंसामा पर्ने दलित बालबालिकाको संख्या १२.८०, समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) ले गरेको एक अध्ययनमा बालविवाहका कारण पढाइ छोड्नेमा दलित समुदायका १७.५७, यौन हिंसा र दुर्व्यवहार भोग्नेमा अध्ययनमा समेटिएका दलितमध्ये ८०.११ र उत्तरदातामध्ये ४८.६ प्रतिशतले कुनै न कुनै स्थानमा जातीय भेदभाव भोग्नुपरेको र त्यसमध्ये पनि ९४.६२ प्रतिशत दलित रहेको पाइएको छ ।

एक्सेस प्लानेट संस्थाले अपांगता भएका महिलासम्बन्धी गरेको एक अध्ययनमा (दलित २० प्रतिशत) अपांगता भएका ७९ प्रतिशत महिलाले जीवनमा कुनै न कुनै हिंसा भोगेको, तीमध्ये ६४ प्रतिशतले हिंसाविरुद्ध न्याय नखोजेको पनि जनाइएको छ । यसले न्यायमा पहुँच र न्याय प्रणालीप्रतिको भरोसा कमजोर रहेको विश्लेषण गरिएको छ ।

यसैगरी अध्ययनका क्रममा गरिएको मिडिया विषयवस्तु विश्लेषणमा उल्लिखित सवालमा खोजमूलक विषयवस्तुको उठान, घटनाको नियमित ‘फलोअप’ तथा न्यायका लागि सशक्त पैरवी गर्न नसकिएको उल्लेख छ । पछिल्लो समय कोटा (आरक्षण) र कोठाका नाम दलितमाथि जातीय विभेद जनाउने र होच्याउने गरी हिंसा गर्ने प्रवृत्ति बढेको पनि प्रतिवेदनले औंल्याएको छ ।

‘जातीय छुवाछूतका घटना नेपाल प्रहरीमा ३६, मानवअधिकार आयोगमा नौ, इन्सेकमा ४४ रहेको देखिनुले सरकारी निकायको संस्थागत उपस्थिति कमजोर रहेको वा ती निकायप्रति भरोसा नहुँदा धेरैजसो पीडित न्यायका लागि नगएको जस्ता समस्या देखाएको छ । यसले न्यायमा पहुँच र न्याय प्रणालीमा विश्वास दिलाउनेगरी काम गर्न जरुरी छ,’ प्रतिवेदनमा भनिएको छ ।

# जिल्ला प्रशासनमा जेन-जी सहिदको नामावली राख्न परिपत्र




**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले जेन-जी आन्दोलनका क्रममा मृत्यु भएकामध्ये ४५ जना जेन-जी सुशासन योद्धा (सहिद)को नामावली प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राख्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै तीन दिनभित्र प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राख्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो । गृहमन्त्री ओमप्रकाश अर्यालले उक्त व्यवस्था गर्नेसम्बन्धी सोमबार नै मन्त्रीस्तरीय निर्णय गरेको मन्त्रालयले जानकारी दिएको छ ।

गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा मृत्यु भएकामध्ये ४५ जनालाई सरकारले सहिद घोषणा गरेको थियो । सहिद घोषणासम्बन्धी सूचना गत कात्तिक १७ गते नेपाल राजपत्रमा प्रकाशित भएको थियो ।


## कुवेतमा रोजगार

कम्पनी : AHMADO RESTAURANT CO — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/२२ — चलानी नं.: ६०२४८५९६ — LT.No.: 334937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK | 4 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ६०,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 2 | 2 | | 120 | ५६,१६७ | | | | | | | |

कम्पनी : NOURA AL THUNAYAN LADIES BEAUTY SALON CO — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/२२ — चलानी नं.: ६०२४८५९५ — LT. No.: 334938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauticians (Ladies) | 0 | 8 | स. काममा दक्ष | 150 | ७०,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १ गते (16 December 2025) मा हुनेछ ।**

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com
Gov. Lic No. 1746 /081/82
MAHA



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना २३ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बेनीघाटबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) ऋणीको विवरण**

कृष्ण बहादुर राना मगरको छोरी सौखीलाल मल्लाह मुखीयाको बुहारी उमा लाल मल्लाहको पत्नी धादिङ् जिल्ला बेनीघाट रोराङ्ग गा.पा. वडा नं. ९ बस्ने **पम्फा राना मगर** (ना.प्र.नं. : ३०६७३ जारी मिति र जिल्ला : २०५६/०२/१३, धादिङ्)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सौखी मल्लाह मुखीयाको नाति सौखीलाल मल्लाह मुखीयाको छोरा सुनसरी जिल्ला घुस्की वडा नं. ७ हाल, धादिङ् जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ९ बस्ने **उमा लाल मल्लाह** (ना.प्र.नं. : १८९९/४३१ जारी मिति र जिल्ला : २०४५/०२/१०, सुनसरी)

२) डम्बर बहादुर पाण्डेको छोरी थप बहादुर डल्लाकोटीको बुहारी सुमन डल्लाकोटीको पत्नी धादिङ् जिल्ला जो गिमारा गा.वि.स. वडा नं. ९ हाल, बेनीघाट रोराङ्ग गा.पा. वडा नं. ९ बस्ने **प्रमिला डल्लाकोटी** (ना.प्र.नं. : २६-१०-७३-००७३२ जारी मिति र जिल्ला : २०७३/०५/३१, धादिङ्ग)

**२) ऋणीको विवरण**

भिमबहादुर अधिकारीको छोरी ईन्द्र बहादुर भट्टराईको बुहारी अकल बहादुर भट्टराईको पत्नी धादिङ जिल्ला जो गिमारा वडा नं. ९ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ९ बस्ने **अजिता भट्टराई** (ना.प्र.नं. : २६१/२६५८० जारी मिति र जिल्ला : २०६६/०१/२७, धादिङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

वल बहादुर भट्टराईको नाति ईन्द्र बहादुर भट्टराईको छोरा धादिङ् जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ९ बस्ने **अकल बहादुर भट्टराई** (ना.प्र.नं. : २६६६३-४२/४३ जारी मिति र जिल्ला : २०४२/०८/०५, धादिङ्)

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


Lumbini Provincial Government
Ministry of Social Development
**Directorate of Education and Social Development**
**Social Development Division Office**
Nepalgunj, Banke

## Invitation for Bids

**IFB No: 07-082/083**
**(First Date of publication: 2082/08/23 (2025/12/09)**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT, PS & contingency (NRs.) | Bid Security Amount (NRs.) | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDONPJ/W/SQ-55/2082/083 | Construction of Incomplete Building of Bheri Ma.Vi. Rajapur- 08 Lalitapur, Bardiya | 13,58,732.24 | 35,000 | 1,000.00 | SQ |
| 2. | SDDONPJ/W/ SQ-56/2082/083 | Construction of Building of Shree Samabeshi Ma.Vi. Baijanath- 04 Tilakpur, Banke | 13,58,750.97 | 35,000 | 1,000.00 | SQ |
| 3. | SDDONPJ/W/ SQ-57/2082/083 | Construction of Boundary Wall of Shree Madhyamik Bidhyalaya Mahendranagar Nepalgunj- 14, Banke | 13,55,528.31 | 35,000 | 1,000.00 | SQ |
| 4. | SDDONPJ/W/ SQ-58/2082/083 | Construction of Boundary Wall of Shree Shahid Smarak Ma.Vi. Duduwa- 05 Kamdi, Banke | 13,55,528.31 | 35,000 | 1,000.00 | SQ |
| 5. | SDDONPJ/W/ SQ-59/2082/083 | Construction of Sava Hall Building,Sarswoti Temple,Stage and Garden Wall of Shree Kotahi Ma.Vi. Gulariya- 04 Tulapur Bardiya | 13,58,668.06 | 35,000 | 1,000.00 | SQ |
| 6. | SDDONPJ/W/NCB -53/2082/083 | Construction of Truss Building and Incomplete Building of Shree Shukra Ma.Vi. Madhuban- 07 Tarataal, Bardiya | 40,85,080.71 | 1,15,000 | 3,000.00 | NCB |
| 7. | SDDONPJ/W/NCB -54/2082/083 | Construction of Cycle Stand Building of Shree Chure Ma.Vi. Thakurbaba- 03 Bagnaha, Bardiya | 75,11,616.17 | 2,10,000 | 3,000.00 | NCB |
| 8. | SDDONPJ/W/NCB -55/2082/083 | Construction of Incomplete Secondary Block Building of Yuvak Ma.Vi. Barbardiya- 02 Jogigaun, Bardiya | 1,06,76,193.14 | 3,10,000 | 3,000.00 | NCB |
| 9. | SDDONPJ/W/NCB -56/2082/083 | Construction of Truss Building for Canteen and Parking of Shree Ram Janaki Ma.Vi.Bansgadhi- 08 Bhaisasur, Bardiya | 32,41,410.50 | 90,000 | 3,000.00 | NCB |
| 10. | SDDONPJ/W/NCB -57/2082/083 | Construction of Building of Shree Sarswati Aa.Vi. Geruwa- 05 Bindra, Bardiya | 65,48,888.70 | 1,90,000 | 3,000.00 | NCB |
| 11. | SDDONPJ/W/NCB -58/2082/083 | Construction of Truss Building for Kukhura Khor of Shree Tribhuwan Ma.Vi. Thakurbaba- 01 Bhurigaun, Bardiya | 27,26,256.40 | 75,000 | 3,000.00 | NCB |

| **Last date and time for purchase of Bid Document and bid submission:** | **Date, Time and place of Bid Opening:** |
|---|---|
| **For SQ** | |
| 2082/09/09 B.S. (2025/12/24 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2082/09/09 B.S. (2025/12/24 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity periods | 30 days beyond Bid validity period |
| **For NCB** | |
| 2082/09/24 B.S. (2026/01/08 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2082/09/24 B.S. (2026/01/08 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity periods | 30 days beyond Bid validity period |
| Date, Time and Place of pre-Bid Meeting | 2082/09/14 B.S. (2025/12/29. AD); 1:00 PM; Social Development Division Office Nepalgunj, Banke |
| **Account No. for bid document purchase/ Bid Fee** | **Account No. for bid security deposit** |
| Bank name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj<br>Revenue (rajaswa) Account Number: 1000100200010000<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke)<br>Revenue (rajaswa) Amount: Rs.3000/-, Heading number: 14229 | Bank Name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj<br>Account Number: 4130100202030000 (Dharautikhata)<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke) |

**Note:- The bidder must mention the project name and contract identification number on the bid fee voucher/ rasid, otherwise if the contract number is not mentioned, the bid will be rejected and no action will be taken.**

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit **PPMO's** e-procurement web portal **https://www.bolpatra.gov.np/egp** and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पोखरा विमानस्थलमा प्रतिवादीको अनुहार नहेरियोस्

**नेपालको इतिहासमा सबैभन्दा ठूलो भ्रष्टाचारजन्य प्रकरण हो– पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल । यो प्रकरणले विशेष अदालतमा प्रवेश पाएको छ । वैदेशिक ऋण मागेर गरिएको यो भ्रष्टाचार प्रकरणले देशको अन्तर्राष्ट्रिय छविमा कालो धब्बा लागेको छ ।**

**यो प्रकरण केवल ८ अर्ब ३६ करोड रुपैयाँको अनियमितता मात्रै होइन, राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले कानुनलाई चुनौती दिँदै ठेकेदार कम्पनीसँग मिलेमतो गरी कसरी ठेक्काको प्रारम्भदेखि नै भ्रष्टाचारको सेटिङ गर्छन् ? त्यसको पर्दाफास पनि हो, जहाँ पाँचजना पूर्वमन्त्रीदेखि लिएर सचिव, नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकारीहरू बोलपत्र मूल्याङ्कन समितिका सदस्य र चिनियाँ ठेकेदार कम्पनीसम्मको व्यापक जालो बुनिएको देखिन्छ ।**

**देशको राज्य संयन्त्र यति भ्रष्ट छ कि लागत अनुमान १७५ मिलियन डलरबाट बढाएर २८६ मिलियन डलर पु¥याइयो । यो योजनाबद्ध भ्रष्टाचारको नमूना हो । तर, सबैभन्दा खतरनाक सार्वजनिक खरिद ऐनको खुलेआम उल्लङ्घन हो, जहाँ वार्ता गरेर बोलपत्र स्वीकृत गर्ने प्रावधान छैन । यद्यपि, अख्तियारको अनुसन्धानपछि त्यही तथ्य सार्वजनिक भयो । कतिसम्म भने चिनियाँ ठेकेदार कम्पनी चाइना सीएएमसी योग्यता र अनुभवको आधारमा अनुत्तीर्ण थियो । तर, कागजात बद्नियतपूर्वक बदलिएको, मन्त्रिपरिषद् बैठकको निर्देशन र निर्णयलाई अपव्याख्या गर्दै ख्यातीप्राप्त व्यक्तिको दुरुपयोग गरेर गरिएको यो प्रणालीबद्ध भ्रष्टाचार हो ।**

**यसअघि राजेन्द्र लिङ्देन नेतृत्वको संसदीय छानबिन समितिले सार्वजनिक गरेको प्रतिवेदनले १० अर्ब भ्रष्टाचार भएको जनाएको थियो । तर, सात महिनापछि अख्तियारले झण्डै साढे आठ अर्ब भ्रष्टाचार भएको भन्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । यो केवल एक विमानस्थलको भ्रष्टाचारको कथा होइन, यो नेपालमा निर्णय प्रक्रियामा पारदर्शिता हराएको, राजनीतिक पद दुरुपयोग भएको, ऋण रकममा पनि भ्रष्टाचार गरेर देशलाई भ्रष्टाचारको दलदलमा फसाउने कुत्सित प्रयास सफल भएको कथन हो ।**

**अब प्रश्न उठ्छ, यो मुद्दा के अदालतमा मात्र सीमित हुन्छ ? कि आरोपीहरूलाई विशेष अदालतले सुनपानी छर्किन्छ ? हेर्न बाँकी छ । जबकि, नेपाल विश्वको १०८औँ भ्रष्ट देश हो । सुशासन मामिलाका जानकारहरूको दृष्टिमा देशका सार्वजनिक निकायहरू भ्रष्टाचारका अखडा हुन् । त्यसो हुनाले भ्रष्टाचार नियन्त्रण गर्न र त्यसबारे कल्पनासम्म नगर्ने बनाउन प्रतिवादीहरूको अनुहार होइन, दसी, प्रमाणको आधारमा न्यायमूर्तिबाट कानुनमा टेकेर कठोर सजाय तोकिनेमा विश्वास गर्दछौँ ।**

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# चिसोयाममा दर्शकलाई तताउँदै एनपिएल क्रिकेट



❑ राजु सिलवाल

काठमाडौं उपत्यकामा दिनहुँ तापक्रम घट्दै चिसो बढिरहेको भएता पनि क्रिकेटको रौनकले वातावरण तताउँदै लगेको छ । गत वर्षजस्तै यो वर्ष पनि जाडोको मौसममा एनपिएल क्रिकेटको दोस्रो संस्करणका रोमाञ्चकारी खेलहरू भइरहेका छन् । वर्षा नहुने मौसममा आयोजना गरिएको यो प्रतियोगितामा नेपालीका साथै अन्तर्राष्ट्रियरूपमा पहिचान बनाएका विभिन्न मुलुकका खेलाडीले दिनहुँजसो छक्का र चौकाको वर्षा गरेर दर्शकहरूलाई प्रभावित बनाउन सफल भएका छन् । दिउँसो पारिलो घाममा बसेर क्रिकेट हेर्नुको मज्जा बेग्लै छ ।

नेपालमा पहिलोपटक फ्लडलाइटको उज्यालोमा राति पनि क्रिकेट खेल हुनु ऐतिहासिक उपलब्धि मानिएको छ । नेपाली क्रिकेट खेलाडीहरूले विदेशमा रात्रि खेलको अनुभव गरे पनि नेपालमा भने पहिलोपटक राति खेल्ने अवसर प्राप्त गरेका हुन् । नेपाली दर्शकहरूले पनि पहिलोचोटी रातिको म्याचको रोमाञ्चकारी अनुभव गरिरहेका छन् । रातिको चिसोमा पनि कीर्तिपुरस्थित त्रिवि अन्तर र्राष्ट्रिय क्रिकेट रंगशाला खचाखच भरिने गरेको छ । विगतमा धुलेमैदानमा बसेर तथा रुखमा झुण्डिएरसमेत क्रिकेट हेर्न बाध्य भएका दर्शकहरू रंगशालामा निर्माण गरिएको प्यारापिटमा जडान गरिएका रंगीन सिटमा बसेर क्रिकेटको आनन्द लिइरहेका छन् । नेपाली दर्शकहरूको क्रिकेटप्रतिको झुकाव देखेर विश्वभरिकै क्रिकेटप्रेमीहरू अचम्म परेका छन् । विभिन्न आठ टिममा आबद्ध अन्तर र्राष्ट्रिय ख्यातीप्राप्त खेलाडीलाई पछ्याइरहेका क्रिकेटप्रेमीहरूको माध्यमबाट एनपिएल क्रिकेट विश्वको कुनाकुनासम्म पुग्न सफल भएको छ ।

एनपिएल क्रिकेटको प्रारम्भिक चरणको समाप्तिपछि अब खेल झन प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ । अंक तालिकामा सर्वाधिक चार स्थान हासिल गरेका टिमहरूबीच हुने प्रतिस्पर्धाले अन्तिम नतिजाको निर्क्याेल गर्ने छ । नेपालको सबैभन्दा ठूलो क्रिकेट महोत्सव मानिएको एनपिएल क्रिकेटमा कूल ३२ वटा खेल सञ्चालन भइरहेको छ । प्रतियोगितामा सहभागी रहेका आठवटा टिम प्रत्येकले प्रारम्भिक चरणमा एक अर्को टिमसँग प्रतिस्पर्धा गर्दै कूल सात खेल खेलेका थिए । पहिलो चरणको समाप्तिपछि एनपिएल क्रिकेटको 'प्लेअफ' चरणका खेलहरू आजदेखि सुरु हुँदै छ । राउण्ड रोबिनपछि उच्च अंक हासिल गरेका चारवटा टिमबीच प्लेअफ चरण सुरु हुने छ ।

अंक तालिकामा सर्वाधिक १२ अंक हासिल गरेको सुदूरपश्चिम रोयल्स टिम तथा दोस्रो सर्वाधिक १० अंक प्राप्त गर्ने विराटनगर किंगस् टिमबीच आज क्वालिफायर एकको खेल हुने छ । यसपटक एनपिएल क्रिकेटमा लगातार छ खेलमा विजय हासिल गरेर उच्च मनोवलका साथ मैदानमा उत्रेको सुदूरपश्चिमलाई विराटनगर टिमले आक्रामक खेल प्रस्तुत गरेर शनिबारको खेलमा पराजित गरेपछि आजको खेलमा दुवै टिम अझ आक्रामकरूपमा उत्रने अपेक्षा दर्शकहरूले गरेका छन् । विराटनगर तथा काठमाडौं गोर्खाज दुवै टिमको समान १०-१० अंक भएता पनि नेट रनरेटको आधारमा विराटनगरले क्वालिफायर एकमा खेल्ने अवसर पाएको हो ।

यसैगरी भोलि बुधबार अंक तालिकामा तेस्रो स्थानमा रहेको काठमाडौं गोर्खाज र चौथो स्थानमा रहेको लुम्बिनी लायन्स टिमबीच इलिमिनेटर एक खेल हुने छ । काठमाडौं गोर्खाजले लुम्बिनी लायन्सलाई यसअघि लिग चरणमा ५३ रनले हराइसकेको छ । मंसिर २५ गते बिहीबार क्वालिफायर-२ अन्तर्गतको खेल हुने छ । उक्त खेलमा प्लेअफ म्याचको विजेता तथा क्वालिफायर-१ पराजित हुने टिमबीच खेल हुने छ । आगामी मंसिर २७ गते शनिबार क्वालिफायर-१ को विजेता तथा क्वालिफायर-२ को विजेताबीच फाइनल खेल हुने छ ।

## प्लेअफ चरणमा पुग्ने टिमहरु

**सुदूरपश्चिम रोयल्स**

कुनै पनि खेलमा सहभागी भएका खेलाडीहरूले सुखद् होस् वा दुःखद् जस्तोसुकै नतिजाको पनि सामना गर्नुपर्ने सन्देश गत शनिबारको खेलपछि सुदूरपश्चिम रोयल्स टिमले हासिल गरेको नतिजाले दिएको छ । एनपिएल क्रिकेटमा यसपालि आफ्नो वर्चस्व प्रदर्शन गर्दै लगातार छ वटा खेल जितेर १२ अंकसहित तालिकाको उच्चस्थानमा पुग्न सफल भएको सुदूरपश्चिमले लिग चरणको अन्तिम खेलमा भने विराटनगरसँग लज्जाजनकरूपमा पराजय भोग्नुप¥यो । उक्त खेलमा सुदूरपश्चिम विराटनगर किंगस्सँग ४९ बल बाँकी रहेको समयमै छ विकेटले पराजित भएको थियो । यसअघि दुई वटा खेल बाँकी रहेकै अवस्थामा सुदूरपश्चिम क्वालिफायर-१ मा प्रवेश गरेको थियो । एनपिएल क्रिकेटको गत वर्ष पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्सलाई छ विकेटले हराएर सुदूरपश्चिम शीर्षस्थानमा पुगेको थियो । उक्त टिमले चितवन राइनोज टिमलाई ४९ रनले, काठमाडौं गोर्खाजलाई २९ रनले, पोखरा एभेन्जर्सलाई १८ रनले, कर्णाली याक्सलाई ४५ रनले, लुम्बिनी लायन्सलाई सात विकेटले पराजित गरेको थियो । सुदूरपश्चिम टिम गत वर्षको उपविजेता टिम थियो ।

**काठमाडौं गोर्खाज**

प्लेअफ चरणमा प्रवेश गर्न सफल दोस्रो टिम काठमाडौं गोर्खाजले पाँचवटा खेलमा जित्नुका साथै दुई खेलमा पराजय भोगेको थियो । उक्त टिमले जनकपुर बोल्टसलाई पाँच विकेटले, लुम्बिनी लायन्सलाई २२ रनले, चितवन राइनोजलाई ५३ रनले, कर्णाली याक्सलाई पाँच विकेटले तथा पोखरा एभेञ्जर्सलाई १३ रनले हराएको थियो । यसैगरी सो टिमले सुदूरपश्चिम रोयल्ससँग २९ रनले तथा विराटनगर किंगस्सँग पाँच विकेटले हार व्यहोरेको थियो ।

**विराटनगर किंगस्**

विराटनगर किंगस् पनि एक खेल खेल्नु अगाडि नै प्ले अफ चरणमा प्रवेश गरेको थियो । तर सुदूरपश्चिमाञ्चल टिमलाई पराजित गरेपछि विराटनगर र काठमाडौं गोर्खाजको समान १०-१० अंक भएता पनि रन रेटको आधारमा सुदूरपश्चिमसँग क्वालिफायर-१ खेल्ने मौका पाएको हो । विराटनगरले यसपालि लिग चरणमा पाँच खेलमा जित्नुका साथै दुई खेलमा पराजय व्यहोरेको थियो । विराटनगरले पहिलो खेलमा पोखरा एभेन्जर्सलाई ५३ रनले पराजित गरेको थियो । सो खेलमा विराटनगरले बनाएको २२० रन नै यसपटकको प्रतियोगिताको सर्वाधिक रन बन्न पुग्यो । विराटनगरले काठमाडौं गोर्खाजलाई पाँच विकेटले, गत वर्षको विजेता जनकपुर बोल्टसलाई नौ रनले, कर्णाली याक्सलाई तीन विकेटले तथा सुदूरपश्चिमलाई पाँच विकेटले हराएको थियो । विराटनगर टिम चितवन राइनोजसँग ४८ रनले तथा लुम्बिनी लायन्ससँग तीन विकेटले पराजित भएको थियो ।

**लुम्बिनी लायन्स**

लुम्बिनी लायन्सले गत वर्षको विजेता जनकपुर बोल्टसलाई चार विकेटले हराउँदै प्लेअफ चरणमा पुग्न सफल भएको थियो । प्लेअफमा चौथो टिमका रूपमा प्रवेश गर्न सफलता पाएसँगै जनकपुरका साथै पोखरा तथा चितवन टिम पनि प्रतियोगिताबाट बाहिरिएका छन् । यसअघि लुम्बिनीले चितवन राइनोजलाई छ विकेटले, पोखरा एभेञ्जर्सलाई तीन विकेटले तथा विराटनगर किंगस्लाई पाँच विकेटले हराएको थियो । उक्त टिम कर्णाली याक्ससँग नौ विकेटले तथा सुदूरपश्चिम रोयल्ससँग सात विकेटले हारेको थियो । कर्णाली टिम प्लेअफमा भने पुग्न असफल हुने पहिलो टिम थियो ।

## सतक कटाउने भाग्यमानी

यसपटक नेपाली तथा विदेशी गरी धेरैले अर्धशतक रन बनाएका थिए तर हालसम्म दुई विदेशी खेलाडीमात्र शतक कटाउन सफल भएका छन् । पोखरा एभेन्जर्सका एडम रोसिङटनले कर्णाली याक्ससँगको खेलमा १०८ रन बनाएका थिए । इंग्ल्याण्डका ३२ वर्षीय रोसिङ्टनले ५८ बलमा ११ चौका तथा सात छक्कासहित शतक बनाएका थिए । यस्तै कर्णाली याक्सका लागि स्कटल्याण्डका २९ वर्षीय मार्क वाटले लुम्बिनीविरुद्धको खेलमा ११४ रन बनाएका थिए । हालसम्म सर्वाधिक रन बनाएका खेलाडीहरूमा पोखरा एभेञ्जर्सका एडम रोसिङ्टनले ३२३ रन, कर्णाली याक्सका मार्क वाटले २४२ रन तथा रवि बोपराले २३७ रन बनाउन सफल भएका छन् ।

## सर्वाधिक विकेट

हालसम्मका खेलमा सर्वाधिक विकेट लिन सफल खेलाडीहरूमा विराटनगर किंगस्का कप्तान सन्दिप लामिछाने अग्रपंक्तिमा छन् । उनले हालसम्म कूल १५ विकेट लिएका छन् । सुदूरपश्चिमविरुद्धको खेलमा उनले लगातार तीन विकेट लिई हयाट्रिक गरेका थिए । यस्तै सुदूरपश्चिम रोयल्सका अविनाश बोहराले १४ विकेट तथा काठमाडौं गोर्खाजका साहब आलमले १२ विकेट लिएका छन् । उनले पोखराविरुद्धको एकै खेलमा हयाट्रिकसहित छ विकेट लिन सफल भएका थिए ।

## मिलेमतोप्रति सतर्कता

जारी क्रिकेटमा मिलोमतोबाट नतिजा निकाल्ने कार्य हुन नपाओस् भन्दै नेपाल क्रिकेट संघ क्यानले विशेष सतर्कता अपनाएको छ । एनपिएल क्रिकेट सञ्चालन भइरहेको बेला अनलाइन बेटिङमा संलग्न भएको आरोपमा केही व्यक्तिलाई पक्राउ गरिएको थियो । यसमा भारतीय नागरिकको संख्या बढी रहेको छ । कीर्तिपुर रंगशालामा खेल सञ्चालन भइरहेको अवस्थामासमेत अनलाइन बेटिङको आरोपमा दर्शक दिर्घाबाटै मानिसहरू पक्राउ पर्नु गम्भीर विषय भएको मानिएको छ । प्रतियोगिता अवधिभरका लागि सुरक्षा कायम गर्न नेपाल प्रहरीले करिब १२ सय सुरक्षाकर्मी खटाएको छ । प्रहरीले एनपिएलकै लागि छुट्टै कन्ट्रोल कक्ष निर्माण गरी ४० वटा सिसिटिभीमार्फत प्रत्यक्षरूपमा निगरानी गरिरहेको छ । रातिको समयमा खेल सञ्चालन हुँदा रंगशालामा जडान गरिएको फ्लडलाइटको प्रकाशले पनि सुरक्षाका लागि सहज भएको तथा ड्रोनमार्फत पनि रंगशालाको निगरानी गर्ने गरिएको प्रहरी अधिकारीले जनाएका छन् । यसैगरी प्रतियोगिताका सहभागी खेलाडी तथा अफिसियलहरूको निगरानी सुरक्षाका लागि छुट्टै सुरक्षाकर्मीहरू परिचालन गरिएको छ ।

एनपिएल क्रिकेटका हालसम्म भएका खेलका क्रममा भएका त्रुटिहरूलाई सुधार गर्नेतर्फ क्यानको ध्यान जानु जरुरी देखिएको छ । क्रिकेट म्याच हुन आतुर हुँदै कीर्तिपुर पुग्ने दर्शकहरूको भीड अत्यधिक देखिएकाले उनिहरूको उचित व्यवस्थापन गर्नु अत्यावश्यक मानिएको छ । कतिपय खेलमा हेर्न गएका दर्शकहरूलाई टिकट बिक्री भइसकेको जानकारी दिइएता पनि प्यारापिटमा सिट खाली देखिनु तालमेल देखिँदैन । टिकटको कालोबजारी हुने गरेको गुनासो पनि दर्शकहरूले गर्ने गरेका छन् । यस्तै खेलका क्रममा बेलाबेलामा फ्लडलाइटमा आएका समस्यालाई तत्काल समाधान गर्नुपर्ने देखिएको छ । रंगशाला वरिपरि तत्काल सरसफाइ गरी वातावरण स्वच्छ राख्न सम्बन्धित अधिकारीले ध्यान दिनुपर्छ ।






✍ बैकुण्ठ भण्डारी

# गर्लाम्मै घर ! भित्तो फोर्दै डोजर !

रात विस्तारै ओरालो लाग्दै छ । बिहानी मिर्मिरेका लागि सूर्यले आफ्ना किरण फाल्न तम्तयार भएर बसेको छ । पूर्णिमापछि आफ्नो आकार क्रमशः खुम्चाउँदै चन्द्रमाले मधुरो प्रकाश फालिरहेको छ । देशको एउटा कुनाबाट अर्को कुनामा जानेहरु टयाँऽटयाँ पार्दै दौडिरहेका छन् । तर हेटौंडा बजार मस्त निद्रामा छ ।

रिक्साको किरिङकिरिङ, टेम्पोको पिऽपिऽ र थोरै मानिसहरुको मधुर आवाज सधैं नै सुनिरहन्छन् सडक आसपासका बासिन्दाले । शनिबारको दिन अलि धेरैबेरसम्म सुत्न खोज्नु स्वाभाविकै पनि होला । बिदाको दिन केटाकेटीहरुको छुट्टी अनि काममा जानेहरुको पनि अधिकांश बिदा नै त्यही भएर पनि अघिपछि जस्तै झिसमिसेमा नै उठ्नुपर्ने बाध्यता पनि छैन ।

तर त्यस्तो कहाँ भयो र ? मटयांग्रो सुतिरहेको कोठाको झयालको सिसा एक्कासि फुटयो । अनि डयाम्मऽऽ आवाज आयो । सायद भइँचालो पो गएछ कि क्या हो ! तर अरु केही हल्लिएको छैन ! फुटेको सिसाको झयालबाट चोरले अनुहार छिराएजस्तै गरी एउटा सुँडले फेरि झयालमा ट्वाङराङ बजाऱ्यो । मटयांग्रोको सातो गयो !

मंसिरको कठयाग्रिँदो चिसोमा एक्कासि कोठाभरि धूलो उडयो । मटयांग्रोको मुटु काप्न थाल्यो । बाउले उहीबेला बनाएको घर फलामे सुँड भएको ठाँडोले पहिलो तल्लाको भित्ता गर्ल्याम्मै ढालिदियो । हत्त न पत्त सिरक फालेर हारगुहार गर्न थाल्यो । माथिल्लो तल्लामा सुतिरहेका केटाकेटी र बूढी आफैंलाई बाहिर निस्कन भन्दै छिमेकीलाई गुहार माग्न थाल्यो ।

छिमेकीसँग गुहार माग्दै बाहिर निस्केको मटयांग्रोसँगै उसका छिमेकीको पनि उस्तै हालत थियो । उसको झयाल अनि भित्ता ढाल्ने फलामे ठाँडोले लस्करै छिमेकीका घरहरुको पनि चोक्टाचोक्टा निकाल्दै थियो । जंगलमा बाघले साना जनावरलाई तर्साएजस्तै मिर्मिरे उज्यालो पनि हुन नपाउँदै फलामे सुँड बोकेर जेन-जी आन्दोलनमा निरीह भएका नीलो कपडाधारीहरु त्यही फलामे ठाँडोको सुरक्षार्थ कटिएका थिए ।

बिहानीको चिसो निकै कठयांग्रिदो थियो । सडक वारपारका घरमा सुतेकाहरु भागाभागको अवस्थामा पुगे । कोही रुँदै थिए । कोही चिच्याउँदै थिए । कोही फलामे ठाँडोका अगाडि गएर घरका भित्ता नभत्काउन भन्दै अनुनय विनय गरिरहेका थिए ।

तर त्यो निर्जीव फलामे ठाँडोले के बुझ्थ्यो र ? त्यसलाई नै नीलो कपडाधारीहरुले घेरा हाली भित्ता गर्ल्यामगुर्लुम्म ढाल्न उत्साहित गरिरहेका थिए । जंगलको राजा सिंहले साना जनावरलाई लखेटेजस्तै जिल्लाको राजा ठान्ने एउटा साइँदुवा नीलो कपडाधारीको घेराभित्र बसेर अन्धाधुन्धसँग फलामे सुँड प्रयोग गराइरहेको थियो ।

भ्रष्टाचार र बेथितिविरुद्ध जेन-जीले गरेको आन्दोलनमा गोली बर्साएजस्तै गरी हरेक घरका भित्ताभित्तामा चोइटा निकाल्दै फलामे ठाँडोको सुँड बाहिर-भित्र गर्दै जोतिरहेको थियो ।

मटयांग्रो बोल्न सक्ने अवस्थामा थिएन । उसका छिमेकी पनि करिब-करिब उस्तै उस्तै । तर ताली बजाउनेहरुको पनि कमी थिएन । भदौ २४ गते दनदनी जलिरहेको सिंहदरबार जलिरहँदा ताली बजाउने रमितेजस्तै ! हुन त एउटा घर जल्नु र भत्किनु देख्नेका लागि केही नहोला ? तर त्यही जलिरहेको र भत्किरहेको घरभित्र सयौं वर्षको इतिहास, एउटा सपना र भावना सबै सकिएको हुन्छ । गल्ती गर्नेले सजाय पाउनुपर्दछ । त्यो न्यायको सिद्धान्त पनि होला तर गल्ती नै नगरिकन जेलको चिसो सिँढीमा कोच्न खोज्यो भने त्यसले आगोको राप निकाल्न सक्छ भन्दै थिए छिमेकी अश्विन दाइ ।

हिजो काठमाडौंको बस्तीमा यसैगरी डोजर चल्यो । अचानोको पिर खुकुरीलाई के था भनेजस्तै भयो । देख्नेले भने, 'मिच्यो थिच्यो अनि अहिले देख्यो' । इतिहास बोकेको पुरानो बस्तीमा त्यही फलामे सुँड छिऱ्यो । कंक्रिटको बस्तीमा डयाम-डयाम फलामे सुँडको प्रहारले एकै छिनमा इतिहास नै विलय बनायो । कतिका सपना सकियो । कतिका भावना पोखियो । कतिको संसार नै रित्तियो । अश्विन दाइ छातीमा मुठ्ठी बजार्दै भन्दै थिए, 'सक्छस् भने यो छातीमा गोली हान ।'

केशव काका भन्दै थिए, 'यो कुन राज्यको शासन हो ? मानिस सुतिरहेको बेलामा चोरलेझैं अर्काको घर गर्लाम्मै ढलाउने ?' अश्विन, केशवमात्र होइन धेरैले अन्यायकाविरुद्ध मुर्दावाद त भने तर सुन्ने को नै पो छ र ? राक्षस गणको नेतृत्वमा आएको त्यो फलामे ठाँडोको सुँडले सबै तहसनहस बनाइसकेको थियो । चिच्याउँदा चिच्याउँदै धेरैको घाँटी सुकिसकेको थियो । कोही सडकमै मुर्छित भए । कसैका आँखाभरि आँसु भरिएर न्यायको भिख माग्दै थिए । बाउबाजेले छाडेर गएको इतिहास नै सक्कायो भनेर चिच्याउँदा चिच्याउँदै बोल्न नसक्ने अवस्थामा पुगिसकेका थिए ।

गर्लाम्मै घरहरु ढलिरहेका थिए, भित्तो उजाड हुँदै थियो । वारपारका घरहरु देख्दा लाग्थ्यो, सहरमा ठूलो गृहयुद्ध भइरहेको छ । इजरायलले प्यालेस्टाइनमा बम फालेर क्षतविक्षत बनाएका घरहरु जस्तै देखिन्थ्यो । हिजोको त्यो सहर र हरियाली बिहानैदेखि तहसनहस हुँदै थियो । रावणको रिसले हनुमानले लंका जलाएजस्तै ! त्यो के सहर देखिन्थ्यो र ? पूरै युद्धले थकित बजार थियो । हिजो के थियो होइन अब भोलि के हुन्छ ? ठूलाठूला चिल्ला सडक अनि चिल्ला मोटरगाडी त गुड्ने छन् । त्यसैका लागि त हो फलामे ठाँडोको सुँडले भित्तो फोर्दै गर्लाम्म घर ढाल्दै गरेको ? नागरिकहरुलाई विकल्पविना नै घरबारविहीन बनाइँदै थियो ।

त्यो त पहिले अन्त पनि भएको हो, अहिले यता सरेको छ भोलि कता पुग्छ थाहा छैन । किनकि, चिल्ला सडक बनाएर चिल्ला गाडी गुडाउनु छ । सभ्यता र संस्कृति इतिहासको के भर भो र ? हिजो के थियो, भावी पुस्तालाई किन देखाउनुपरेको छ र ? एआईको जमाना छ । त्यसैले सोध, कस्तो थियो भनिदिहाल्छ । उस्तैउस्तै देखाइदिहाल्छ । दुई-चार हजारका घरका भित्तो च्यातिएर के भो र ? दुई-चार जनाको महल ठडिए त भैगो नि । त्यसैले होला फलामे ठाँडोको त्यो सुँडले गर्लाम्म घर, भित्तो फोर्दै छ डोजर । जय बाटोवाद !

# सुर्खेत आँखा अस्पतालमा सेवा विस्तार

**सुर्खेत–** सुर्खेत आँखा अस्पतालले आँखा उपचार सेवाअन्तर्गत उपविशिष्टीकृत सेवा सञ्चालनको तयारी गरेको छ । बाल आँखा उपचार सेवा (नवजात शिशु), 'रेटिना' र जलबिन्दु उपचार सेवा थालनी गर्न अस्पतालले आन्तरिक तयारीलाई तीव्र बनाएको हो । यसका लागि अस्पतालले नेत्रविशेषज्ञ चिकित्सक, दक्ष स्वास्थ्यकर्मी र उपकरणको व्यवस्थापन गरिरहेको छ । अस्पतालमा आँखा उपचारका ती उपविशिष्टीकृत सेवा थालनी भएमा आँखा उपचारका लागि संघीय राजधानी काठमाडौं जानुपर्ने अवस्थाको अन्त्य हुने जनाइएको छ ।

अस्पतालकी मेडिकल निर्देशक डा. आकांक्षा रानाले भनिन्, 'सुर्खेत आँखा अस्पतालमा उपविशिष्टीकृत आँखा उपचार सेवाअन्तर्गत बाल आँखा उपचार सेवा (नवजात शिशुसहित), रेटिना र जलबिन्दु सेवा सञ्चालनको तयारी गरिरहेका छौं । रेटिना उपचार सुरुआत भइसकेको छ । अन्य सेवा छिट्टै थालनी हुने छ ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार अन्धोपनको दर कर्णाली प्रदेशमा उच्च अर्थात् कूल जनसंख्याको एक प्रतिशत छ । पछिल्लो जनगणनाअनुसार यहाँका ७९ पालिकाका ७१८ वडामा १६ लाख ८८ हजार ४१२ जनसंख्या छ । अस्पतालले बाल आँखा उपचार सेवा र रेटिना उपचार सेवा थालनीका लागि चिकित्सक र स्वास्थ्यकर्मीको प्रबन्ध गरेर काठमाडौंस्थित तिलगंगा आँखा प्रतिष्ठानमा तालिमका लागि पठाएको छ भने ती सेवा सञ्चालनका लागि आवश्यक उपकरणको व्यवस्थापन गरिसकेको छ ।

स्वीस रेडक्रसको आर्थिक एवं प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित सो अस्पतालमा हाल कर्णाली प्रदेशका १० जिल्लासहित पछिल्ला समयमा अछाम, बाजुरा र बझाङका आँखाका बिरामी सेवा लिन आउने गर्दछन् । नेपाल रेडक्रसले सुर्खेत आँखा अस्पतालसहित जनकपुरमा पनि आँखा अस्पताल सञ्चालन गरिराखेको छ ।

नेत्रविशेषज्ञ रानाका अनुसार हाल अस्पतालले बहिरंग सेवाअन्तर्गत आँखा जाँच, कम्प्युटरद्वारा चश्मा जाँच, मधुमेह र उच्च रक्तचापका कारण हुनसक्ने दृष्टिविहीनको परीक्षण, परामर्श तथा प्रेषण सेवा, प्रयोगशाला, आँखाको अल्ट्रासाउण्ड, याग लेजर सेवा, आँखाको पर्दाको फोटो, औषधि पसललगायत सञ्चालन गरिरहेको छ । शल्यक्रिया सेवाअन्तर्गत मेसिनद्वारा सानो घाउ बनाएर मोतिबिन्दुको शल्यक्रिया गरिने आधुनिक पद्धति (पाको), आँशुनली, मासु पलाएको शल्यक्रियासहित अन्य आँखा उपचारसम्बन्धी सामान्य शल्यक्रिया सेवा उपलब्ध गराइरहेको छ ।

अस्पताल बिमा कार्यक्रममा आबद्ध भएकाले विपन्न नागरिकलाई आँखा उपचार सेवामा सहज पहुँच भएको मेडिकल निर्देशक डा. रानाले बताइन् । बिरामीको चाप उच्च, स्थानको अभाव नेपाल रेडक्रस सोसाइटीका सुर्खेत जिल्ला सभापति रामलाल आचार्यले भने, 'पछिल्लो समय बिरामी चापमा वृद्धि र सेवा विस्तारको तयारी गरेसँगै अस्पतालमा स्थान एवं भवनको अभाव भएको छ । बिरामी बस्ने र जाँच गर्ने स्थानको अभाव हुँदै गएको छ ।'

अस्पतालले प्रदेशको सामाजिक विकास मन्त्रालय र वीरेन्द्र नगरको सहकार्यमा भवनमा तला थप गर्ने र अन्य पूर्वाधार बनाउने काम पनि जारी राखेको छ । 'आँखा स्वास्थ्य महत्त्वपूर्ण सेवा हो' भन्ने विषयलाई तीनै तहका सरकार र स्वयं नेपाल रेडक्रसका केन्द्रीय कार्यालय र दाताले महत्त्व नबुझेको उनले गुनासो गरे ।

उनले भने, 'दाताका भरमा अस्पतालको अत्याधुनिक संरचना, उपकरण र दक्ष जनशक्तिसहित सेवा सुरु त भयो, अब कसरी टिकाइराख्ने भन्ने चिन्ता छ । विपन्न जनतामा आँखा सेवाको पहुँच पुऱ्याउन चुनौती छ । नीतिनिर्माता तहका व्यक्तित्वहरु अस्पताल भ्रमण गर्दछन् । अस्पताल हुनु त यस्तो पो भन्दछन् । यहाँको सेवाको प्रशंसा गर्दछन् । तर सहयोग त्यत्ति बढाइदिँदैनन् ।' अस्पतालले बाहय आँखा उपचार सेवाअन्तर्गत यहाँका अतिदुर्गम स्थानमा आँखा शिविरसमेत सञ्चालन गर्दै आएको छ । यस्ता शिविरमा विशेष गरेर मोतियाविन्दु देखिएका बिरामीका अस्पतालमा ल्याएर शल्यक्रियासमेत गर्दै आएको छ ।

अस्पतालले स्थानीय पालिकाको समन्वय र सहकार्यमा नौ स्थानमा आँखा उपचार केन्द्रसमेत सञ्चालन गरिरहेको छ । ती स्थानमा पञ्चपुरी नगरपालिका विद्यापुर, भेरीगंगा नगरपालिका छिञ्चु, दैलेख नगरपालिका, नारायण नगरपालिका, आठबिस नगरपालिका, भेरी नगरपालिका, चौरजहारी नगरपालिका, आठबिसकोट नगरपालिका, त्रिपुरासुन्दरी नगरपालिका र बनगाडा कुपिण्डे नगरपालिका छन् ।

आँखा उपचार केन्द्रसम्म पनि पहुँच नभएकालाई शिविर सञ्चालन तथा विद्यालयका छात्रछात्राको आँखा जाँच कार्यक्रम जारी राखेको छ । सभापति आचार्यले भने, 'विद्यालयका छात्रछात्राको आँखा जाँच कार्यक्रमबाट सिकाइ उपलब्धि उँचो देखिएको छ ।'

अस्पतालले गत आवमा एक लाख आँखाका बिरामीलाई सेवा उपलब्ध गराएको थियो भने चार हजारको मोतियाविन्दुको शल्यक्रिया गरेको थियो । अस्पतालको उत्कृष्ट व्यवस्थापन र सरसफाइका कारण पनि सेवाग्राही अस्पतालमा आकर्षित भइराखेका छन् । अस्पतालको भवन बाहिरबाट हेर्दा जति आकर्षित छ, त्यति नै भित्र छिर्दा बिरामीमैत्री देखिन्छ । भेरी नगरपालिका-१ का गंगा केसीले भने, 'आँखा जँचाउन सस्तो छ, जँचाउन डाक्टरसँग धेरै समय कुर्नु पर्दैन । अस्पताल सफा पनि छ । म यही भएर यहाँ आएको हुँ ।'

पछिल्लो समय बिरामी चाप र सेवा विस्तारको तयारीसँगै अस्पतालमा बिरामी जाँच गर्ने स्थान एवं भवनको अभाव भएको छ । सुर्खेत बजारको मध्य भागमा रहेको अस्पतालले एक बिघा नौ क/ा जमिन चर्चेको छ । हाल अस्पतालमा तीन जना नेत्रविशेषज्ञसहित अन्य ४० स्वास्थ्यकर्मी सेवारत छन् । अस्पतालमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई अन्यत्र काम गर्न अस्पताल व्यवस्थापनले प्रतिबन्ध लगाएको छ । सभापति आचार्यले भने, 'चिकित्सक एवं स्वास्थ्यकर्मीका समय अस्पतालमा उपयोग गर्दा सेवा प्रभावकारी भएको हो । यहाँ सेवारत चिकित्सक एवं स्वास्थ्यकर्मी अन्यत्र काम गर्न पाउँदैनन् ।' नेपाल रेडक्रस सोसाइटीकी कामु कार्यकारी निर्देशक मोना अर्यालले नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित आँखा अस्पतालको क्षमता वृद्धि गर्न उच्च प्राथमिकता दिइने जानकारी दिइन् । *रासस*

# सेनाको निःशुल्क स्वास्थ्य शिविरमा ४४३ जनाले लिए सेवा

**भोजपुर–** जनस्तरसम्म स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्यसहित नेपाली सेनाले टेम्केमैयुङ गाउँपालिका-६ कोटमा सञ्चालन गरेको निःशुल्क स्वास्थ्य शिविरमा ४४३ जनाले सेवा लिएका छन् । गाउँका सर्वसाधारणलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउने उद्देश्यले भोजपुरमा नयाँ श्रीनाथ गणले शनिबार एकदिने स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।

स्वास्थ्य सेवा पहुँचबाट टाढा रहेका ग्रामीण भेगका नागरिकलाई विशेषज्ञ सेवा पुऱ्याउँदै समुदायसँगको आत्मीयता थप मजबुत बनाउनु शिविरको मुख्य लक्ष्य रहेको नयाँ श्रीनाथ गणका प्रमुख पर्शुराम थापाले जानकारी दिए । शिविरमा नेपाली सेनाको नेतृत्वसँगै, टेम्केमैयुङ गाउँपालिका, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, सिद्धकाली फार्मेसी, जिल्ला आयुर्वेदिक अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहकार्य शिविर सञ्चालन गरिएको हो ।

शिविरमा कान, नाक, घाँटी, आँखासमेतका विभिन्न रोगका विशेषज्ञ चिकित्सकले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरेका छन् । त्यस्तै बालरोग, दन्तरोग, स्त्रीरोग, सामान्य रोगको जाँच तथा आवश्यक औषधिसमेत निःशुल्क उपलब्ध गराइएको छ ।

स्थानीय बासिन्दाको दैनिक व्यस्तता र आर्थिक कारणले सदरमुकाम पुग्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै सेनाले गाउँमै सेवा पुऱ्याउनु प्रशंसनीय रहेको गाउँपालिकाकी उपाध्यक्ष रमादेवी राईले बताइन् । शिविर टेम्केमैयुङ-६ कोटस्थित जनोदय माध्यमिक विद्यालयमा सञ्चालन गरिएको हो । *रासस*

## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा
गण्डकी प्रदेश, नेपाल

## नदिजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८२ मंसिर २३ गते)**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ(६) र दफा ६२ क(१) मा भएको व्यवस्था र धार्चे गाउँपालिकाले तोकिदिएको नदिहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि गण्डकी प्रदेश सरकारले तोकेको दरमा बिक्रि गर्नेगरि ठेक्का बन्दोवस्थ गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र वोलपत्र https://bolpatra.gov.np/egp र धार्चे गाउँपालिकाको कार्यालय मार्फत पेश गर्नुहुन सुचित गरिन्छ । अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी वा वेभसाइट www.dharchemun.gov.np तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण:**

| ठेक्का नं./क्र.स. | स्थान | नदिजन्य पदार्थको परिमाण (घन.मि.) | न्युनतम बिक्रि मुल्य (रु.) (भ्याट बाहेक) | धरौटि रकम | बोलपत्र दस्तुर | बोलपत्र फारम पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| DRM/GOODS/Package 1/082/083 | | | | | | | |
| १. | रेसे खोला-रेसे फाँट (खण्ड १)<br>अक्षांश: 28°12'44.71"N<br>देशान्तर: 84°49'38.17"E | ८,६८४.५९२ | २७,६०,६४५.३७ | कबोल अंकको पाँच प्रतिशत (५%) | रु.३,००० | २०८२/०९/२३ गते १२:०० बजेभित्र | २०८२/०९/२३ गते २:०० बजे |
| २. | रेसे खोला-रेसे फाँट (खण्ड २)<br>अक्षांश: 28°12'44.79"N<br>देशान्तर: 84°49'38.49"E | ३,६९२.१६४ | ११,७३,६५९.६८ | | | | |
| | **जम्मा** | **१२,३७६.७५६** | **३९,३४,३०५.०५** | | | | |
| DRM/GOODS/Package 2/082/083 | | | | | | | |
| १. | रेसे खोला-रेसे फाँट (खण्ड ३)<br>अक्षांश: 28°13'56.62"N<br>देशान्तर: 84°52'6.47"E | २,०५१.६७९ | ६,५२,१८४.७१ | कबोल अंकको पाँच प्रतिशत (५%) | रु.३,००० | २०८२/०९/२३ गते १२:०० बजेभित्र | २०८२/०९/२३ गते २:०० बजे |
| २. | न्याउली बगर<br>अक्षांश: 28°12'3.97"N<br>देशान्तर: 84°52'29.79"E | ५,३९५.५७२ | १७,१५,१३६.५१ | | | | |
| ३. | खानी बेसी पुल मुनि वारि<br>अक्षांश: 28°12'24.31"N<br>देशान्तर: 84°52'27.34"E | २,३९७.८४ | ७,६२,२२१.८६ | | | | |
| ४. | खानी बेसी पुल मुनि पारि<br>अक्षांश: 28°13'56.55"N<br>देशान्तर: 84°52'6.24"E | १,५५७.६९ | ४,९५,१५६.२१ | | | | |
| ५. | मंचे बगर<br>अक्षांश: 28°12'43.84"N<br>देशान्तर: 84°52'32.59"E | ८७३.२०२ | २,७७,५७२.१७ | | | | |
| | **जम्मा** | **१२,२७५.९८३** | **३९,०२,२७१.४७** | | | | |
| DRM/GOODS/Package 3/082/083 | | | | | | | |
| १. | यारु बगर खण्ड क-खोला वारि<br>अक्षांश: 28°19'35.36"N<br>देशान्तर: 84°54'25.02"E | १०,६५५.८८७ | ३३,८७,२७७.७३ | कबोल अंकको पाँच प्रतिशत (५%) | रु.३,००० | २०८२/०९/२३ गते १२:०० बजेभित्र | २०८२/०९/२३ गते २:०० बजे |
| २. | यारु बगर खण्ड ख-खोला पारि<br>अक्षांश: 28°19'43.01"N<br>देशान्तर: 84°54'24.93"E | ८,१९९.१३६ | २६,०६,३२९.३३ | | | | |
| | **जम्मा** | **१८,८५५.०२३** | **५९,९३,६०७.०६** | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**


**कुवेतमा रोजगार** कम्पनी : GLOBAL LINK FOR CONSUMING ORDERS DELIVERY CO.WLL

पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 334939 | चलानी नं. ६०२४८५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 18 | 0 | 140 | ६५,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८० SPACE HR SOLUTIONS PVT.LTD
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

**साउदीमा रोजगार** कम्पनी : AMINA ABDULLAH HASSAN AL HABIB GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 334262 | चलानी नं. ६०२४८६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

**साउदीमा रोजगार** कम्पनी : HIGH ALTITUDE TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/२१ | LT. No. 334700 | चलानी नं. ६०२४८५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६८,९६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH SAUD BIN MANEH FOR CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 330878 | चलानी नं. ६०२४४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULRAHMAN FAHD JARIS AL-MASARIR TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 334552 | चलानी नं. ६०२४८६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 6 | 0 | 1800 | ६८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1149/073/074
दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : NATIONAL CATERING COMPANY FOR GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 334949 | चलानी नं. ६०२४८५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 40 | 0 | 90 | ४२,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper (KITCHEN CLEANERS) | 15 | 0 | 90 | ४२,१५८ | | | | | | | |
| 3. | Waitress | 0 | 40 | 120 | ५६,२१० | | | | | | | |
| 4. | Cook | 10 | 0 | 140 | ६५,५७८ | | | | | | | |
| 5. | Assistant Cook | 20 | 0 | 140 | ६५,५७८ | | | | | | | |
| 6. | Waiters | 40 | 0 | 120 | ५६,२१० | | | | | | | |
| 7. | Laundry Attendant | 10 | 0 | 120 | ५६,२१० | | | | | | | |
| 8. | Butchery | 10 | 0 | 140 | ६५,५७८ | | | | | | | |
| 9. | Bakery Man | 15 | 0 | 140 | ६५,५७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १ गते (16th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Index Recruitment Pvt. Ltd. श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

**जापानमा रोजगार** कम्पनी : FUAN ENTERPRISE CO-OPRATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/०५/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 326497 | चलानी नं. ६०२४३६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 1 | 0 | 169050 | १६०,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/०५/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 326498 | चलानी नं. ६०२४३६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Painting work | 2 | 0 | 170529 | १६२,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/०५/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२२ | LT. No. 326499 | चलानी नं. ६०२४३६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 216875 | २०६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
